# ढोरपाटन नगरपालिका

## स्थानीय राजपत्र

### ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

**वर्ष:८) ढोरपाटन, माघ २२ गते, २०८१ साल**


## भाग -१

**नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम ढोरपाटन नगरपालिकाको नगरसभाले जारी गरेको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**संवत् २०८१ सालको ऐन नं.१**

# ढोरपाटन नगरपालिकाको शिक्षा ऐन - २०८१

**प्रमाणीकरण मिति : २०८१/१०/१८**

**प्रस्तावना :**राष्ट्र र समाजको सर्वपक्षीय विकास र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरणका लागि जनताको सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रबर्द्धन गर्न तथा सीपयुक्त, परिश्रमी, सिर्जनशील एवम् प्रतिष्पर्धी जनशक्ति तयार गर्नको लागि यस ढोरपाटन नगरपालिकामा स्थापना हुने र स्थापना भई संचालन भइरहेका विद्यालयहरुलाई सुव्यवस्थित गरी गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा समन्यायिक पहुँचको सुनिश्चितता प्रदान गर्ने तथा नेपालको संविधानको धारा ५७ (४), अनुसूची ८ को सूची नं. ८मा उल्लेखित स्थानीय तहको एकल अधिकार सूचीको प्रयोग सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६(१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद १५ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी यस ढोरपाटन नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "ढोरपाटन नगरपालिका शिक्षा ऐन २०८१" रहेको छ।

२) यो ऐन ढोरपाटन नगरपालिकामा लागू हुनेछ।

३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-**

क)"विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा बाहसम्म दिइने आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ।

ख)"आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

ग) "प्रारम्भिक बाल विकास तथा शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बाल विकास तथा शिक्षा सम्झनु पर्छ।

घ) "शिशु स्याहार केन्द्र " भन्नाले चार वर्ष उमेर पूरा नभएका बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित रही खोलिएको शिशु स्याहार केन्द्र सम्झनु पर्छ।

ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ।

च) "विशेष शिक्षा " भन्नाले दृष्टिविहिन, न्यूनदृष्टिविहिन,बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

छ) "समावेशी शिक्षा " भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :

(१) दृष्टिविहिन, न्यूनदृष्टिविहिन,बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक,जातिय, लैङ्गिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

ज) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार एवम् ढोरपाटन नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयसम्झनुपर्छ।

ञ) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश सरकार एवम् ढोरपाटन नगरपालिकाबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

ट) "शैक्षिक गुठी" भन्नाले मुनाफा नकमाउने उद्देश्यले सार्वजनिक वा निजी गुठी अन्तर्गत स्थापना वा सञ्चालन भएका कल्याणकारी विद्यालयलाई सम्झनु पर्छ।

ठ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रूपमा चली आई धार्मिक विद्यालयको रूपमा अनुमति प्राप्त गुरूकुल, आश्रम, विहार, गोन्पा, मदर्सा जस्ता विद्यालयलाई सम्झनु पर्छ।

ड) "सहकारी विद्यालय"भन्नाले सहकारी संस्थाको पहलमा कानून बमोजिम अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

ढ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ।

ण) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने साक्षरता, निरन्तर शिक्षा र सिप सिकाइ लगायतका काम गर्न अनुमति दिइएको केन्द्र सम्झनु पर्छ।

त) "निःशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ।

थ) "प्रमुख" भन्नाले ढोरपाटन नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

द) "प्रमुखप्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाकोप्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ध) "नगर शिक्षा अधिकारी" भन्नाले ढोरपाटन नगरपालिकाको शिक्षा शाखा प्रमुखको रूपमा कामकाज गर्न तोकिएकोअधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ।

न) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको अधिकृतसातौं/आठौं सम्झनुपर्दछ।

प) "सहायक शिक्षा अधिकृत"भन्नाले नगरपालिकाको शिक्षा शाखाको अधिकृत छैठौं सम्झनुपर्दछ।

फ) " प्राविधिकसहायक" भन्नाले नगरपालिकाको शिक्षा शाखाको सहायकस्तर पाचौं तहको प्राविधिक सहायक सम्झनुपर्दछ।

ब) "नगरशिक्षा समिति" भन्नाले दफा ११ बमोजिम गठित समिति सम्झनुपर्दछ।

भ) “वडा शिक्षा समिति भन्नाले दफा १४ गठित समितिलाई सम्झनु पर्छ ।

भ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्दछ। तर विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनमा अभिभभावक भन्नाले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

म) “शिक्षक” भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

य) ”प्रधानाध्यापक” भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय नेतृत्व गर्न जिम्मेवारी तोकिएको शिक्षक सम्झनु पर्छ ।

र) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ

ल) “अनुमति” भन्नाले नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड समेतको आधारमा नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

व) “स्वीकृति” भन्नाले तोकिएबमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

श) शाखा” भन्नाले ढोरपाटन नगरकार्यपालिका अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकूद शाखालाई जनाउँदछ

ष)“शिक्षाका प्रकार” भन्नाले साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक शिक्षालाई सम्झनु पर्छ ।

स) “दरवन्दीमिलान” भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका वा एक विद्यालयवाट अर्को विद्यालयमा स्थानान्तरण गर्नु र तोकिए वमोजिम भन्दा शिक्षक विद्यार्थी अनुपात कम भएका वा कुनै प्रकारको दरवन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गर्ने कार्यलाई सम्झनुपर्छ ।

ह) “स्थानान्तरण” भन्नाले नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयबाट नगरपालिका भित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनुपर्छ ।

क्ष) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## विद्यालयको अनुमति तथा स्वीकृति एवम् शिक्षाकोप्रकाररमाध्यम

३) विद्यालय तोकिए बमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्नेछ।

४) विद्यालयको अनुमति, स्वीकृति, वर्गीकरण र समायोजन तोकिए बमोजिम हुनेछ।

५) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ।

७) नगरपालिकाले तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालनका लागि अनुमति प्रदान गर्न वा बन्द गर्न सक्ने छ।

८) नगरपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ।

९) शिक्षाको प्रकार तोकिए बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछ।

१०) शिक्षाको माध्यमः

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ वा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ -

क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ।

ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

## परिच्छेद ३
## नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसम्बन्धी व्यवस्था

**११) नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमकोएक नगर शिक्षा समिति रहनेछ –

क) नगर प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य

ङ) नगरसभाका महिला तथा दलित सदस्यहरूमध्येबाट एक जना महिलासहित नगर कार्यपालिकाले तोकेका दुई जना - सदस्य

च) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एक जना - सदस्य

छ) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाटएकमहिलासहित नगर शिक्षा समितिले मनोनित गरेको दुईजना - सदस्य

ज) संस्थागत विद्यालयका अध्यक्ष वा प्रधानाध्यापकमध्येबाट नगर प्रमुखले मनोनित गरेको एकजना - सदस्य

झ) शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट नगरशिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

ञ) नगरपालिका क्षेत्रकोआधिकारिक नेपाल शिक्षक महासंघका अध्यक्ष वा निजले तोकेको व्यक्ति - सदस्य

ट) नगरशिक्षा अधिकारी - सदस्य- सचिव

२) समितिका मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

३) नगर शिक्षा समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ। नगर शिक्षा समिति बैठकमा सहभागी भए वापत नगरपालिकाको प्रचलित नियमअनुसार वैठक भत्ता उपलब्ध गराइने छ।

४) बैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत भन्दाबढी सदस्यको उपस्थिति हुनुपर्ने छ भने बैठकमा बहुमतको निर्णय मान्य हुने छ।

५) नगर शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

६) उपदफा (१) अनुसार मनोनित र अन्य तोकिएका सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा निजलाई मनोनयन गर्ने पदाधिकारी वा समितिले जुनसुकै समयमा पनि पदबाट हटाउन सक्नेछ। तर त्यसरी हटाउनुअघि सफाइ पेश गर्ने मौकावाट वञ्चित गरिने छैन।

**१२) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:**

क) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ,

ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित बनाउन सहयोग गर्ने,

ग) विद्यालयहरुकोलेखा परीक्षणका लागि लेखा परीक्षक छनौट गर्नेर लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्न,

घ) सामुदायिक विद्यालयहरुको शिक्षक तथा कर्मचारीदरबन्दी मिलान तथा त्यसरी मिलान गरेका शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्ने ,

ङ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, क्रियाशील वनाउने,

च) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ,

छ) विद्यालयको सम्पत्तिको सुरक्षा गर्ने र गर्न लगाउने,

ज) शिक्षाको गुणस्तर अभिवृद्दि गर्ने, सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्नेः तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउने विद्यालयलाई नसियत दिने, शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

झ) विद्यालयहरुलाई सामाजिक परीक्षण तथालेखापरीण गर्न लगाउने,

ञ) नगरस्तरीय खेलकुद, स्काउट, सांस्कृतिक कार्यक्रम, शैक्षिक प्रदर्शनी जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ,

ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

ड) नगरस्तरीय शैक्षिक योजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने,

ढ) नगरपालिका क्षेत्र भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई गुणस्तर विकासका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने,

ण) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

त) नक्सांकनका आधारमा विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने नीति तर्जुमा गरी नगरपालिकामा पेस गर्ने,

थ) विद्यालयको आवश्यकता एवम् औचित्यतासमेतका आधारमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने,

द) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने .

ध) विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न स्रोतको पहिचान गर्ने र यस कार्यमा अभिभावक, विद्यालय तथा विभिन्न संघसंस्थाहरूलाई समेत परिचालन गर्ने,

न) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि योजना निर्माण र कार्यान्वयन गर्ने ,

प) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ,

फ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ,

ब) लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएको अनियमितता र बेरुजु फछ्यौंट गर्न लगाउने

भ) संस्थागत विद्यालयहरूले प्रदान गर्ने विद्यार्थी छात्रवृत्तिको अनुगमन गर्ने

म) नगरपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ,

य) विद्यालयहरुलाई कार्यसम्पादनमा आधारित अनुदान दिने सम्बन्धमा आवश्यक निर्णय लिने,

र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकासको प्रवन्ध गर्ने,

ल) आवश्यकताकाआधारमा घुम्ती तथा आवासीय विद्यालय सञ्चालन सम्बन्धि कार्य गर्ने

व) शिक्षकको विषय विज्ञको सूची सुचिकृत गर्ने,

श) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने, घटाउने एवम् विद्यालय बन्द गराउने सम्बन्धमा नगरपालिकालाई आवश्यकतानुसार राय प्रदान गर्ने ,

ष) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**१३) नगर शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार**

नगरशिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार अन्य कुराको अतिरिक्त देहाय बमोजिम हुनेछ।

क) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरी नगर शिक्षासमितिमार्फत नगर कार्यपालिकामा पेश गर्ने गराउने,

ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

ग) कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

घ) विद्यालयशिक्षाका परीक्षा व्यवस्थित तथा मर्यादित बनाउने,

ङ) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सहयोग गर्ने,

च) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तद्अनुसार पुरस्कार तथा दण्डको लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने,

छ) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने,

ज) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरे नगरेको अनुगमन गर्ने,

झ) विद्यालयको लेखापरीक्षण गर्न लेखापरीक्षकहरुको नियुक्ति गर्ने,

ञ) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने,

ट) शिक्षकको तलबी प्रतिवेदन पारितका लागि आवश्यक कार्य गर्ने,

ठ) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

ड) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा रहेका सामुदायिक विद्यालयका शिक्षकहरूलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

ढ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक प्रधानध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक,गोष्ठी र तालिम सञ्चालन गर्ने,

ण) कक्षा आठ को परीक्षा समितिको निर्णय बमोजिम विद्यालयको अभिलेख प्रश्नपत्र र उत्तरपुस्तिका परीक्षण सम्बन्धी आवश्यक कार्य गर्ने,

त) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अध्यावधिक गर्ने,

थ) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दी पदपूर्तिका लागि आयोगमा लेखी पठाउने,

द) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षाको अनुगमन तथा मूल्याङ्कन र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

ध) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकमको सदुपयोग भए नभएको अनुगमन गर्ने,

न) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने,

प) सरकारी तथा गैर सरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण  र समन्वय गर्ने,

फ) विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ नियमानुसार गठन गर्ने गराउने र स्वीकृत गर्ने,

ब) नगर भित्र सञ्चालित सम्पूर्ण विद्यालयहरूको नियमि तअनुगमन, कक्षा अवलोकन, नमूना पाठप्रदर्शन, सुपरीवेक्षण र निरीक्षण गर्ने गराउने,

भ) शिक्षक तथा कर्मचारीलाई तालिमका लागि सिफारिस गर्ने,

म ) विद्यालयहरूलाई सामाजिक परीक्षण लेखापरीक्षण समयमै गर्न लगाउने,

य) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सम्बन्धित निकायमा पेश गर्ने,

र)  व्यवस्थापन समितिको बैठक नियमितरुपले बसेनबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

ल) विद्यालयका शिक्षक तथा कर्मचारीको विदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने,

व) शिक्षकको हाजिरी अभिलेख दुरुस्त भएन भएको छड्के जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थिति शिक्षकको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जानकारी सहित कारबाहीका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र  नगर शिक्षा समितिमा सिफारिस गर्ने,

श) नगरपालिका भित्र सञ्चालन अनौपचारिक शिक्षा विशेषशिक्षा लगायत विभिन्न कार्यक्रमहरूको नियमितरुपमा निरीक्षण तथा अनुगमन गरी आवश्यक प्रतिवेदन पेश गर्ने,

ष) प्रचलित ऐन निमावली बमोजिम विद्यालय नियमित रुपले सञ्चालन भएनभएको त्यस्तो विद्यालयमा भौतिक साधन शिक्षक पर्याप्त भएनभएको उपलब्ध साधनको अधिकत सदुपयोग भएनभएको र निर्धारित स्तर बमोजिम पठनपाठन भएन भएको सम्बन्धमा प्रधानाध्यापक शिक्षक  अभिभावक संघ र शिक्षकसँग विचार विमर्शगरी सो अनुरुप भएको नदेखिएमा सुधार गर्न लगाउने,

स) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

ह) माथि लेखिए बमोजिम सो अधिकार प्रयोग गर्दा तोकिएको कानुन बमोजिम गर्नु पर्नेछ,  तोकिएको कानुन बमोजिम नगरेमा प्रचलित कानुन बमोजिम कार्वाही हुनेछ ।

**१४)  वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार**

१) वडा स्तरमा देहाय बमोजिमकोएक वडा शिक्षा समिति गठन गर्न सकिने छ :

क) सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

ख) वडा समितिले वडा समितिका सदस्यहरू र शिक्षाप्रेमी र समाजसेवी मध्येबाट मनोनित गरेका दुई -सदस्य

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा शिक्षा समितिले तोकेको एक जना -सदस्य

घ) माध्यमिक तह रआधारभूत तहका विद्यालयका प्रधानाध्यापकहरु मध्ये बाट  वडा शिक्षा समितिले तोकेको एकजना महिला पर्ने गरी दुई जना -सदस्य

च) सम्बन्धित वडाका वडा सचिव -सदस्य-सचिव

२) वडा शिक्षा समितिका मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

३) वडा शिक्षा समितिको वैठक सम्बधी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**१५) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

ख) वडा क्षेत्रभित्रका बालबालिकाहरुलाई कम्तीमा आधारभूत शिक्षासम्मको अध्ययन गराउन वातावरण तयार गरी प्रोत्साहन गर्ने,

ग) आपनो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने,

घ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, क्रियाशील वनाउने,

ङ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च) सम्बन्धित वडा भित्रका अभिभावक कर्मचारीर शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,

छ) विद्यालयको निरीक्षण तथा शैक्षिक गतिविधिहरुको अनुगमन गर्ने गराउने,

ज) विद्यालय अनुमति एवम् प्रारम्भिक बाल विकास केन्द्र  सञ्चालन अनुमतिका लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने ,

झ)नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने।

**१६) सामुदायिकविद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः** १) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :–

क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिला सहित चार जना - सदस्य

ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिलेमनोनयन गरेको एकजना  सदस्य - सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर १०बर्ष देखि सहयोग गर्नेवा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना -सदस्य

घ)शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि  एकजना -सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

स्पष्टीकरण: अभिभावक भन्नाले विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ । तर बिद्यालय व्यवस्थापन समिति गठन प्रयोजनमा भने बिद्यार्थीका बाबु आमा , बाजे, बज्यै र यस्ता अभिभावक नभएको अवस्थामा संरक्षकत्व प्रदान गर्ने व्यक्ति समेतलाई जनाउँछ।

२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा वाणिज्य महासंङका दुईजना प्रतिनिधि सदस्य रहने छन् ।

३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरूमध्येबाट छनोट गरेको सदस्य सो समितिको अध्यक्ष हुनेछ । दुई वा दुई भन्दा बढी विद्यालय व्यवस्थापन समितिको अध्यक्षका लागि उम्मेदवार भएमा विद्यालय व्यवस्थापन समिति गठन भएको १ महिना भित्रमा तपसिल अनुसारको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट सहयोग समिति गठन गर्नुपर्नेछ ।

**<u>तपसिल</u>**

| | |
|---|---|
| क) नगर शिक्षा समितिको संयोजक | -संयोजक |
| ख) वडा शिक्षा समिति संयोजक | -सदस्य |
| ग) नगर शिक्षा अधिकृत | -सदस्य सचिव |

४) उपदफा (३) बमोजिमको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट सहयोग समितिले पहिलो चरणमा सर्वसम्मतबाट अध्यक्ष टुङ्ग्याउने प्रयास गर्नुपर्नेछ । सर्वस्ममतबाट अध्यक्ष नटुङ्गिने भएमा विद्यालय व्यवस्थापन समितिको सदस्यमा आएका सदस्यहरुलाई मात्र समावेश गराई सो समिति गठन भएको १५ दिन भित्र निर्वाचन मार्फत अध्यक्षको पद टुङ्ग्याउनु पर्नेछ ।

५) उपदफा (१) बमोजिम छनौट भएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । यसरी छनौट भएका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा विद्यालय व्यवस्थापन समिति वा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको ज्येष्ठ सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

१७) **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य रअधिकार देहायबमोजिम हुनेछ ।

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रदायिक , भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि तालिमको व्यवस्था गर्ने एवम् तालिमका लागिगर्ने .

छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भई स्थायी नियुक्ति लिई आएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;

झ) नगर शिक्षा अधिकारीबाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

ट) नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,गराउने

ठ) विद्यालय सेवा क्षेत्रमा सबैका लागि अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न आवश्यक व्यवस्थापन गर्ने

ड) विद्यालयमा कार्यरत शिक्षकलाई कामको आधारमा प्रोत्साहन तथा विभागीय कारवाही गर्ने

ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

ण) स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारी पद रिक्त भएमा रिक्त पद पूर्तिका लागि सात दिनभित्र नगरपालिकामा लेखी पठाउने

त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि तथा सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने

थ) नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलव भत्ता प्रदान गर्ने,

द) विद्यालयका शिक्षक तथा कर्मचारीको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाहीकोलागि सिफारिस गर्ने,

ध) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

न) प्रत्येक वर्ष शैक्षिक सत्र शुरू भएको दुई महिनाभित्र सहभागितामूलक विद्यालय सुधार वार्षिक कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

प) प्रत्येक वर्ष अभिभावकहरूको भेला गराई अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी कार्यक्रमका सम्बन्धमा सार्वजनिक गर्ने गराउने,

फ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा, विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा वा नगरपालिकाबाट दिइएका निर्देशनहरूको वेवास्ता गरेमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयको व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।यसरी विघटन भएको

अवस्थामा १ महिना भित्र अर्को व्यवस्थापन समिति गठन गर्नु पर्ने छ ।यसरी विघटन गर्दा सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

(३) सामुदायिक विद्यालय व्यवस्थापन समिति काम कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८) शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य, सामाजिक परिक्षण गरी व्यवस्थापनमा सहयोग तथा शैक्षिक गुणस्तर सम्बन्धी आवश्यक गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछ:

क) विद्यालयका अभिभावक भेलाबाट अभिभावक मध्येबाट छनोट गरेका व्यक्ति - अध्यक्ष

ख) अभिभावकले आफु मध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिला सहित तीन जना - सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीबी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका कम्तीमा एक जना महिला र एक दलितसहित तीन जना- सदस्य

घ) शिक्षकहरुले आफु मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि - सदस्य

ङ) प्रधानाध्यापक -सदस्य सचिव

(२) समितिको बैठकमा बालक्लवको प्रतिनिधि (छात्रा १ र छात्र १) र बालक्लव गठन नभएको अवस्थामा उच्चतम कक्षाको उत्कृष्ट अंक ल्याउने छात्रा १ र छात्र १ जनालाई आमन्त्रित गर्न सकिने छ ।

(३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ख) विद्यालयको सामाजिक परिक्षण गर्ने ।

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने ।

(घ) विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद - ४

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकको दरवन्दी, सेवाशर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

**१९. शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्नेः**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरवन्दी निर्धारण तोके बमोजिम हुनेछ ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ ।

(३) उपदफा (१) र (२) बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी नगरपालिकाले राख्नु पर्नेछ ।

**२०. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता:** शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता संघीय सरकार, गण्डकी प्रदेश सरकार र नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**२१.अध्यापन अुनमति पत्र लिनु पर्ने:** अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन । तर शिक्षण सिकाइमा प्रत्यक्ष असर पुगेमा  पठनपाठनलाई बाधा पर्न नदिन अध्यापन अनुमति पत्र विना शिक्षक उम्मेदवार बन्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. कार्य सम्पादन मूल्याङ्कन:** स्थायी अस्थायी राहत तथा स्थानीय स्रोतबाट नियुक्त भएका शिक्षक तथा कर्मचारीहरूले प्रत्येक वर्षको वैशाख मसान्तसम्म तोकिएको कार्यसम्पादन मूल्याङ्कनको फारम दर्ता गर्नुपर्नेछ ।

## परिच्छेद – ५

## सजाय र पुनरावेदन

**२३. सजाय:** उचित र पर्याप्त कारण भएमा शिक्षकलाई देहायको विभागीय सजाय गर्न सकिने छ :-

(क) सामान्य सजाय

(१) नसियत दिने,

(२) दुई वर्ष सम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँचबर्ष सम्म तलब वृद्धि रोक्का गर्ने,

(ख) विशेष सजाय:

(१) करार शिक्षकको करार सम्झौता भङ्ग गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(३) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने,

**२४. नसिहत दिने वा तलब वृद्धि रोक्का गर्ने वा बढुवा रोक्का गर्ने :** (१) देहायको कुनै अवस्थामा शिक्षकलाई नसियत दिने वा तलब वृद्धि रोक्का गर्ने वा बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ :-

(क) अनुशासनहीन काम गरेमा,

(ख) पटक पटक विद्यालयको समय पालन नगरेमा,

(ग) शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता उल्लङ्घन गरेमा,

(घ) खटाइएको तालिम वा प्रशिक्षणमा भाग लिन नगएमा,

(ङ) कार्य क्षमताको अभाव भएमा

(च) नगरपालिकाले कामकाज वा सरूवा भएको विद्यालयमा रमना लिई हाजिर हुन नगएमा,

(छ) कार्यसम्पादन मूल्याङ्कनमा ९०% भन्दा कम अंक प्राप्त गरेमा

(ज)तोकिएको ढाँचामा नियमित  हाजीरी नगरेमा

(झ)  तोकिएको जिम्मेवारी पुरा नगरेमा

**२५. कार्य क्षमताको अभाव मानिने :** (१) कुनै शिक्षकले आफूले अध्यापन गराएको विषयमा तीन शैक्षिक सत्र सम्म लगातार देहायका आधारमा पचास प्रतिशत भन्दा कम विद्यार्थी उत्तीर्ण भएमा त्यस्तो शिक्षकमा कार्यक्षमतामा अभाव भएको मानिनेछः

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औषसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको भौगोलिक इकाईको औषत प्रतिशत}} \times १००$$

स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "भौगोलिक इकाई" भन्नाले सम्बन्धित विद्यालय रहेको साविक गाविसलाई जनाउने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि भौगोलिक इकाईको औषत उत्तीर्ण प्रतिशतको अंक पैतिस भन्दा कम भएमा पैतिस अंकलाई आधार लिई हिसाव गरिने छ।

**२६. सेवाबाट हटाउने वा बर्खास्त गर्ने :** (१) देहायको अवस्थामा शिक्षकलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने छ।

(क) करार शिक्षकले करार सम्झौता बमोजिमको कार्य सम्पादन नगरेमा,

(ख) पदीय दायित्व पूरा नगरेमा,

(ग) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(च) कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको पदमा रहेको पाइएमा

(ज) बालबालिकालाई कुनै पनि गम्भीर प्रकारको दुर्व्यवहार गरेको पुष्टि भएमा

(झ) विद्यालयको सम्पत्ती हिनामिना गरेमा

(ञ) सरूवा लिएर जाँदा बरबुजारथ नगरेमा

(ट) कार्यसम्पादन मूल्याङ्कनमा ८०% भन्दा कम अंक प्राप्त गरेमा

(२) शिक्षकलाई देहायका अवस्थामा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिने छः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) वैदेशिक स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(घ) शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा।

**२७. विद्यालयलाई नोक्सानी भएको रकम असुल गरिने :** कसैले जानीजानी वा लापरवाही गरी विद्यालयलाई कुनै हानी नोक्सानी पुर्याएमा वा विद्यालयको सम्पत्ति हिनामिना गरेमा त्यस्तो व्यक्तिबाट बिगो असूल गरी बिगो बमोजिमको जरिवाना गरिने छ।

**२८. सफाई पेश गर्न सक्ने**ः (१) सजाय दिन पाउने अधिकारीले कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्ने छ। यसरी सफाइको मौका दिंदा निजमाथि लगाइएको

आरोप र सजाय स्पष्ट रूपले किटिएको हुनुपर्ने छ । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम शिक्षकले स्पष्टीकरण पेस नगरेमा वा पेस गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजाय दिने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्ने छ ।

**२९. निलम्बन गर्ने :**

(१) कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय दिन पाउने अधिकारीले निलम्बन गर्न सक्ने छ । निलम्बन गर्दा साधारणतया तीन महिनाभन्दा बढी गर्नु हुँदैन ।

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिने छ । यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन।

(३) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा वा कसुर प्रमाणित नभएमा वा नोकरीमा नरहेमा निजको निलम्बन समाप्त भएको मानिने छ ।

(४) उपदफा (१) बमोजिम कुनै शिक्षक निलम्बन भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलबको आधा मात्र पाउने छ । तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाइ पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै तलब पाउने छ ।

**३०. सजाय गर्ने :** शिक्षकले दफा २६ बमोजिम पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाय गर्ने अधिकारीले यसको कारण खुलाई सजाय गर्ने छ ।

**३१. सजाय गर्ने अधिकारी :** (१) शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुने छ :-

(क) शिक्षकलाई नसियत दिने वा दुई तलब वृद्धि रोक्का गर्ने प्रधानाध्यापक र सो भन्दा बढी तलब वृद्धि रोक्का गर्ने व्यवस्थापन समिति,

(ख) प्रधानाध्यापकलाई नसियत दिने र तलब वृद्धि रोक्का गर्ने नगर शिक्षा अधिकारी,

(ग) बढुवा रोक्का गर्ने नगर शिक्षा अधिकारी,

(घ) करार शिक्षकको करार सम्झौता भङ्ग गरी नोकरीबाट हटाउने सम्बन्धित विद्यालय व्यवस्थापन समिति,

(ङ) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने नगर शिक्षा समिति ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक र व्यवस्थापन समितिले गरेको सजायको जानकारी नगरपालिकाको शिक्षा शाखालाई दिनु पर्ने छ ।

**३२. कारबाही गर्न सक्ने :**

(१) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयको विद्यार्थीहरूको परीक्षाको नतिजामा सबै विषयको दफा २५ बमोजिमको औषत अंकभन्दा कम भएमा विद्यालयको प्रधानाध्यापकको कार्यक्षमता अभाव भएको मानी नगर शिक्षा अधिकारीले त्यस्तो विद्यालयको प्रधानाध्यापकलाई पहिलो पटक भए सचेत गराउने र दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातार दोहोरिएमा क्रमशः एक र दुई तलब वृद्धि रोक्का गर्नेछ ।

(२) उपदफा १ (क) बमोजिमको परीक्षण तथा परीक्षामा कुनै विषयमा कुनै विद्यार्थीले प्राप्त गरेको विषयगत परीक्षाफलमा ६५ प्रतिशत भन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएमा वा अध्यापन गरेको विषयको औषत अङ्क ३५ प्रतिशतभन्दा कम भएमा सम्बन्धित अधिकारीले त्यस्तो शिक्षकलाई पहिलो पटक भए सचेत गराउने र

दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातार दोहोरिएमा क्रमशः एक र दुई तलब वृद्धि रोक्का गर्ने छ ।यसो गर्दा पनि नतिजामा सुधार नआएमा दफा ३१ को (१) को (ङ) तथा प्रचलित कानुन बमोजिम आवश्यक कारवाही हुनेछ ।

(३) देहायका कार्य तोकिएको समयमा नगर्ने प्रधानाध्यापकलाई उपदफा (१) बमोजिमको सजाय हुनेछ ।

(क) तोकिएको समय भित्र विद्यार्थीको तथ्याङ्क अद्यावधिक गरेर बुझाउने,

(ख) विद्यालय सुधार योजना तयार तथा अद्यावधिक गर्ने,

(ग) सामाजिक तथा आर्थिक लेखा परीक्षण गर्ने,

(घ) नगर पालिका लगायत विभिन्न निकायबाट प्राप्त रकम तोकिएको काममा समयमा नियमानुसार खर्च गरी फछर्यौट गर्ने

(ङ) सिकाइ उपलव्धि योजना तयार गर्ने

(च) विद्यालयको वार्षिक कार्य योजना र क्यालेण्डर बनाइ कार्यान्वयन गर्ने

(छ) विद्यालयको वार्षिक बजेट बनाइ कार्यान्वयन गर्ने

(ज) शिक्षक कर्मचारीको कार्य विभाजन योजना बनाइ कार्यान्वयन गर्ने

(झ) शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन समयमा भराइ बुझाउने

(ञ) विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप तथा खेलकुदको योजना बनाइ कार्यान्वयन गर्ने

(ट) तलब भत्ता निकासा भए पश्चात समयमै वितरण गर्ने र शिक्षकबाट कटाएको विमा, सञ्चयकोष, सामाजिक सुरक्षा कर, आयकर र नागरिक लगानी कोषको रकम समयमै सम्बन्धित निकायमा दाखिला गर्ने

(ठ) विद्यालयको सामान्य काममा कम्प्युटरको प्रयोग गर्ने सिप हासिल गर्ने

(ड) विद्यालयमा सम्पूर्ण अभिलेखहरू चुस्त दुरुस्त राख्ने

(ढ) शिक्षक तथा विद्यार्थी आचारसंहिता तयार गरी कार्यान्वयन गर्ने

ण) प्रधानाध्यापक बैठकमा नियमित उपस्थित हुने

त) नगरपालिकाले तयार गरेको शैक्षिक कार्यपात्रो कार्यान्वयन गर्ने

थ) सम्वन्धित निकायपर्ति उत्तरदायी जवाफदेही हुने

द) समयमै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठनका लागि कामकारवाही गर्ने

ढ) नगरपालिकाले दिएका आवश्यक निर्देशन पालना गर्ने

(४) सजाय सम्बन्धि जुनसुकै व्यवस्था भएता पनि शिक्षक तथा कर्मचारीलाई तोकिएको जिम्मेवारी पूरा नगरेमा कारवाही गर्न नगर शिक्षा समितिलाई कुनै बाधा पर्नेछैन ।

**३३. विभागीय कारबाही र सजायसम्बन्धी विशेष व्यवस्था :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सो आयोगबाट र प्रचलित कानुनबमोजिम सम्बन्धित निकायले कुनै शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुर्याइ सोहीबमोजिम विभागीय सजाय गर्नुपर्ने छ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियमानुसार बिदा स्वीकृत नगराइ आफ्नो विद्यालयमा अनुपस्थित हुने शिक्षक तथा कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिने छ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराइ लगातार पन्ध्र दिनभन्दा बढी अवधि अनुपस्थित हुने शिक्षक तथा कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन सकिने छैन । हाजिर गराएमा

त्यसरी हाजिर गराउने पदाधिकारीलाई दफा २३ बमोजिम विभागीय कारबाही हुने छ र त्यसरी हाजिर गराएको शिक्षक तथा कर्मचारीले खाएको तलब, भत्तासमेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकीसरह असुल उपर गरिने छ।

**३४. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने**: (१) दफा २४ मा उल्लेख भएका कुनै आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुन: बहाली हुन सक्ने छ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुन:बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सोसमेत पाउने छ।

**३५. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**: नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा विना सूचना अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन।

## परिच्छेद- ६

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

**३६. शिक्षक छनौट समिति**

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्तिका साथै विद्यायलमा रिक्तदरबन्दी ,राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक शिक्षक छनौट समिति हुनेछ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

ख) नगर शिक्षा अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

ग) विषय विशेषज्ञ बढीमा दुई जना - सदस्य

घ) प्रधानाध्यापक - सदस्य सचिव

तर रिक्त शिक्षक पदको विज्ञापनमा शिक्षक छनौटका लागि विज्ञ बोलाउदा आवश्यकताका आधारमा (ग) बमोजिमका विशेषज्ञ एक जनामात्र मनोनित गर्न बाधा पर्ने छैन र प्रधानाध्यापक आफै प्रधानाध्यापकको उमेदवार भएमा बरिष्ठतम शिक्षक सदस्य सचिव रहने छ।

(२) उपदफा १ (ग) का लागि विषय विशेषज्ञको सूची नगरपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत ५ बर्ष स्थायीसेवा अवधि पुरा गरेका शिक्षकहरूमध्येबाट आधारभूत तहका लागि शिक्षा शास्त्रमा स्नातक र माध्यमिक तहका लागि शिक्षाशास्त्रमास्नातकोत्तर उत्तीर्ण गरी माध्यमिक तह वा सो सरहका तालिम प्राप्त शिक्षकहरूमध्येबाट सार्वजनिक सूची प्रकाशन गरी गरिनेछ। विषयविज्ञको सूची सूचिकृत नगर शिक्षा समितिले गर्नेछ। यस्तो सूची प्रत्येक दुई वर्षमा अद्यावधिक गरिनेछ र अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

३) विद्यालयले विशेषज्ञको छनोट गर्दा नगरपालिका शिक्षा शाखासँग समन्वय गरी विद्यालय व्यवस्थापन समितिबाट छनोट गर्नु पर्नेछ।

४)	करार शिक्षक छनोटको परीक्षा केन्द्र नगरपालिकामा वा नगरपालिकाको शिक्षा शाखाले तोकेको स्थानमा रहनेछ।

(५)	करार शिक्षक छनोटका लागि कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्ने छ। छनोट परीक्षाको पाठ्यक्रम एवम् परीक्षा प्रणाली शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम हुने छ।

(६)	उपनियम १ बमोजिम प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गर्न बसेको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापकमा उम्मेद्वार नभएको उपलब्ध बरिष्ठतम् शिक्षकले सदस्य सचिव भई कार्य गर्नेछ।

(७)	स्थायी दरबन्दीको पदमा वा जुनसुकै अनुदानमा नियुक्ति भई अस्थायी वा करारमा कार्य गरेका शिक्षक कर्मचारीहरूको पदमा स्थायी पदपूर्ति भएमा वा त्यस्तो अनुदान प्राप्त नभएमा वा रोक्का भएमा त्यस्ता शिक्षक कर्मचारी स्वतःअवकाश हुनेछन।

**३७.	सामुदायिक विद्यालयमा प्रधानाध्यापक सम्वन्धी व्यवस्था:**

(१)	प्रत्येक सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना प्रधानाध्यापक रहनेछ।

(२)	प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क)	माध्यमिक विद्यालयको प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त गरेको स्थायी माध्यमिक शिक्षक हुनुपर्ने छ।माध्यमिक तहमा स्नातकोत्तरयोग्यता नभएमा सम्बन्धित तहमा कम्तिमा १० बर्ष स्थायी सेवा अवधि पूरा गरेको हुनुपर्नेछ। यदि सम्बन्धित तहमा स्थायी दरबन्दी समेत नभएको अवस्थामाआधारभूत तहमा वरिष्ठमयोग्यता पुगेका स्थायी शिक्षकलाई प्रधानाध्यापक बनाइनेछ तर स्थायी शिक्षकमध्ये न्युनतम योग्यता प्राप्त शिक्षक उपलब्ध नभएमास्नातकोत्तर योग्यता प्राप्त माध्यमिक शिक्षकमध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरशिक्षा समितिले गर्नेछ।

(ख)	आधारभूत विद्यालयको प्रधानाध्यापक हुन स्नातक योग्यता प्राप्त गरेको स्थायी शिक्षक हुनुपर्नेछ। स्नातक उत्तीर्ण स्थायी शिक्षक नभएको अवस्थामा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति गरिनेछ।

(ग)	खण्ड (क) र (ख) बमोजिमको योग्यता पुगेको शिक्षक प्राप्त हुन नसकेमा विद्यालयमा कार्यरत वरिष्ठतम शिक्षकले प्रधानाध्यापक भई कामकाज गर्ने छ।

(घ)	प्रधानाध्यापक नियुक्ति हुनुपूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने छ । विद्यालय व्यवस्थापन समितिले प्राप्त विद्यालय विकास कार्ययोजनासहित उम्मेदवारको विवरण शिक्षक छनोट समितिसमक्ष पठाउने छ। छनोट समितिले देहायका आधारमा कम्तीमा ६० अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेदवारलाई प्रधानाध्यापकमा नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने छ। प्रधानाध्यापकको नियुक्ति

विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा अधिकारीले गर्ने छ । नियुक्ति पूर्व प्रधानाध्यापकलाई २ वर्षको कार्यसम्पादन करार  गराइने छ।

(१) विद्यालय विकास प्रस्ताव बापत - २५ अङ्क (विद्यालय विकास प्रस्तावको तयारी बापत १५ अङ्क र प्रस्तुतीकरणबापत १० अङ्क)

(२) नेतृत्व गर्ने क्षमता बापत - १५ अङ्क (विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा नगर शिक्षा अधिकारीले प्रदान गर्ने ५/५ अङ्क)

(३) शैक्षिक योग्यता बापत - २० अङ्क (न्यूनतम शैक्षिक योग्यताबापतको प्रथम श्रेणी, द्बितिय श्रेणी र तृतीय श्रेणीबापत क्रमश : १५ अङ्क, १३ अङ्क र ११ अङ्क र माथिल्लो योग्यताबापत प्रथम श्रेणी, द्बितिय श्रेणी र तृतीय श्रेणीबापत क्रमश : ५ अङ्क, ४ अङ्क र ३ अङ्क )

(४) शिक्षण अनुभव बापत - २५ अङ्क (सम्बन्धित तहको अनुभव बापत प्रत्येक वर्ष ३ अङ्कका दरले)

(५) तालिम बापत - १० अङ्क (प्रथम श्रेणी, द्बितिय श्रेणी र तृतीय श्रेणीबापत क्रमश : १० अङ्क, ९ अङ्क र ८ अङ्क)

(६) सूचना प्रविधिसम्बन्धी ज्ञान - ५ अङ्क

(घ) प्रधानाध्यापकको पदावधि ५ वर्षको हुने छ । तर देहायको अवस्थामा प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिस र नगर शिक्षा अधिकारीको प्रतिवेदनका आधारमा नगर शिक्षा समितिले जुनसुकै बखत हटाउन सक्ने छ तर यसरी हटाउनुपूर्व स्पष्टीकरणको अवसरबाट वञ्चित गरिने छैन।

(१) निजको आचरण खराब रहेमा,

(२) यस ऐन तथा अन्तर्गत बनेका नियमावली, कार्यविधि, मापदण्ड निर्देशिका विपरीतको कुनै कार्य गरेमा,

(३) निजले कार्यसम्पादन सम्झौता बमोजिमको कार्य सन्तोषजनक रूपमा गर्न नसकेमा,

(४) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा।

(ङ) खण्ड (क) र (ख) बमोजिमको योग्यता पुगेको शिक्षक प्राप्त हुन नसकेमा विद्यालयमा कार्यरत वरिष्ठतम शिक्षकले निमित्त प्रधानाध्यापक भई कामकाज गर्ने छ।

(च) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य एवम् दायित्व हुने छ।

(छ) नमुना कार्यक्रम सञ्चालन भएको विद्यालयमा प्रधानाध्यापक छनोट तोकेबमोजिम हुनेछ।

(ज) छनौट भएका प्रधानध्यापकलाई नगरशिक्षा अधिकारीले करारमा नियुक्ति गर्नेछ।

**३८. शिक्षक तथा कर्मचारी सरुवा र काजः** (१) नगर क्षेत्रभित्रका विद्यालयको सरकारी दरबन्दीमा कार्यरत स्थायी शिक्षकले दरबन्दी रिक्त भएको विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिससहित निवेदन दिएमा रिक्त पद र विषय मिल्ने देखिएमा नगर शिक्षा समितिको निर्णयबमोजिम नगर शिक्षा अधिकारीले निजलाई सरुवा गर्नसक्ने छ।

तर विद्यार्थी संख्या कम भई सरूवा गर्नुपर्ने अवस्था र कार्यसम्पादन एवम् आचरण सन्तोषजनक नभएको अवस्थामा विद्यालय व्यवस्थापन समितिले कारवाही नगरेमा वा विद्यालय व्यवस्थापन समितिको परामर्श लिइ सो परामर्श समेत सन्तोषजनक नभएमा सरूवा गर्नुपर्दा सम्बन्धित शिक्षक र वि.व्य.स.को सहमति लिन अनिवार्य पर्ने छैन् ।

(२) उपदफा (१) को अवस्थामा बाहेक शिक्षकलाई नगर क्षेत्रभित्रको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नु पर्ने अवस्था परेमा नगर शिक्षा समितिले निजलाई सरुवा गर्न सक्ने छ । यसरी सरुवा गर्नुपर्दा सम्बन्धित शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहमति लिन अनिवार्य पर्ने छैन ।

(३) अन्तरपालिका तथा अन्तर जिल्ला सरूवा प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई तोकिए बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी शिक्षा शाखा र सम्बन्धित विद्यालयलाई समेत दिनुपर्ने छ ।

(५) नगर शिक्षा समितिले आवश्यकता र औचित्यका आधारमा बढीमा ३ महिनाका लागि काजमा शिक्षक तथा कर्मचारीलाई खटाउन सक्नेछ । काज सरुवाका लागि विद्यालय व्यवस्थापन समितिको सहमति आवश्यक पर्नेछैन । सो निर्णय पालना गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

(६) सरुवा सम्बन्धी अन्य मापदण्ड नगरपालिकाले तोकेबमोजिम हुने छ ।

**३९. दरवन्दी मिलानः** (१) तोकिएको मापदण्डको आधारमा नगरपालिकाभित्र आवधिक रूपमा शिक्षक दरवन्दी मिलान गरिने छ ।

(२) नगरपालिका शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान गर्नसक्ने छ । यसरी दरवन्दी मिला गर्नुपर्दा सम्बन्धित शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहमति लिन आवश्यक पर्ने छैन ।

(३) शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान कार्य सामान्यतया शैक्षिक सत्रको सुरु वा अन्त्यमा गरिनेछ ।

**४०. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्थाः** हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुनबमोजिम वन्ने शिक्षक सेवा आयोगबाट तोकेबमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**४१. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :**शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

**४२. शिक्षकलाई अन्य काममा लगाउन नहुने** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य शैक्षिक गतिविधिमा खटाउन सकिनेछ ।

**४३. कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) संघीय सरकार, प्रदेश सरकार र  नगर अनुदानमा कार्यरत शिक्षक कर्मचारीहरुको करारसम्झौता गर्नेव्यवस्था भएबमोजिम त्यस्तो करार पद म्याद थपका लागि सम्बन्धित शिक्षक र कर्मचारी ले म्याद सकिनु भन्दा अघि म्यादथपको लागि निवेदन दिनुपर्नेछ अन्यथा स्वइच्छाले सो पदमानरहेको मानिनेछ । सम्बन्धित विद्यालय व्यवस्थापन समितिले एक शैक्षिक सत्रका लागि प्रत्येक बर्ष म्याद थप गर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्यादथपको निवेदन प्राप्त भएपछि यस ऐन बमोजिम मूल्याङ्कन भएको कार्यसम्पादन मूल्याङ्कनको कुलप्राप्ताङ्कको ५० प्रतिशत अङ्क र अनुगमन समितिले अनुगमन गर्दा गरेको प्रतिवेदनको भार ५०% अङ्क गरी जम्मा १०० अङ्कमा कम्तिमा ९० अङ्क प्राप्त गरेका उपदफा (१) बमोजिमका शिक्षक कर्मचारीको म्याद वा करार म्याद थप गरिनेछ । ८० प्रतिशत अङ्कदेखि ८९ प्रतिशत सम्म प्राप्त गरेका उपदफा १ बमोजिम शिक्षक कर्मचारीलाई आगामी एक शैक्षिक सत्रका लागि मात्र करार म्याद थप गर्न सकिनेछ । तर ८० अङ्क भन्दा कम ल्याउने र दोस्रो पटक पनि ९० अंक सम्म नल्याउने शिक्षक तथा कर्मचारीको म्याद करार थपगर्न सकिने छैन । सोको मूल्याङ्कन फाराम र मूल्याङ्कन समिति अनुसूचि १ मा भए बमोजिम हुनेछ ।

(३) नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक र कर्मचारीको कार्यसम्पादन मुल्याङ्कनको आधारमा प्रत्येक बर्ष पुरस्कार र सम्मान तोकिए बमोजिम हुनेछ ।

(४) नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयको समग्र पक्षकोअनुगमन तथा मूल्याङ्कन गर्न एक  देहाय बमोजिमको ६ सदस्यीय अनुगमन समिति  रहने छ ।

१- नगर उपप्रमुख - संयोजक

२- सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

३- सामाजिक विकास समिति संयोजक - सदस्य

४- नगर प्रमुखले तोकेको शिक्षा  समितिको सदस्य - सदस्य

५- नगर शिक्षा अधिकारी वा नीजले तोकेको अधिकृत - सदस्य- सचिव

(५) अनुगमन समितिमा आवश्यक परेमा विषय विज्ञलाई बोलाउन सक्नेछ ।

## परिच्छेदः ७

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार,घुम्ती तथा आवासीय विद्यालय संचालन र व्यवस्थापन

**४४. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण र घुम्ती तथा आवासीय विद्यालय व्यवस्थापनः** (१) विद्यालयमा विद्यार्थी संख्याअनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(४) घुम्ती तथा आवासीय विद्यालय संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**४५. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुनबमोजिम भोग चलन गर्नसक्ने छ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य स्थानीय सरकारको हुनेछ।

(४) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्तिको संरक्षण एवम् व्यवस्थापन वडा समितिसँगको सहकार्यमा नगरपालिकाले गर्नेछ।

(५) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(६) कम्पनीअन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(७) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनुपर्ने छ।

(८) विद्यालयले चल अचल सम्पत्ति वेचविखन गर्दा प्रचलितकानुन बमोजिम गर्नुपर्नेछ।

**४६. पाठ्यक्रम तथा पाठ्यपुस्तक**

(१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नु पर्नेछ।

(२) संस्थागत विद्यालय र अङ्गेजी माध्यमबाट पढाई हुने विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा एकरुपता हुनुपर्नेछ।

(३) कुनै विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यपुस्तक बाहेक थप सामग्री लागू गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रको सूचीमा स्वीकृत पाठ्यसामग्री लागू गर्न नगर शिक्षा अधिकारीबाटअनुमति लिनु पर्नेछ।

(४) सामुदायिक विद्यालयले शैक्षिक सत्रमा विद्यार्थी भर्ना हुनासाथ एक एक सेट पाठ्यपुस्तक विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ। सो का लागि नगरपालिकाले चैत्र मसान्तभित्र पाठ्यपुस्तकवापतको तोकिएको रकम विद्यालय खातामा निकासा गरिसक्नु पर्नेछ।

(५) नगरपालिकाले आवश्यकतानुसार स्थानीय पाठ्यक्रम बनाई लागू गराउन सक्नेछ।

(६) नगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम अनिवार्य रूपमा विद्यालयहरूले कार्यान्वयन गर्नुपर्नेछ।

**४७. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ।

(३) सह तथा शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(४) शिक्षा शाखाले नगरपालिकाभित्र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न सक्ने छ।

## परिच्छेदः ८

## संस्थागत विद्यालयको व्यवस्थापन समिति गठन, मापदण्ड निर्धारण तथा नियमनसम्बन्धी व्यवस्था

**४८. संस्थागत विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्थाः (१)** संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरु मध्येवाट सम्बन्धित विद्यालयले सिफारिस गरेको तीनजनामध्येबाट नगर प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट १ जना महिला पर्ने गरी वि.व्य.स.ले मनोनित गरेका २ जना -सदस्य

ग) नगर शिक्षा प्रतिनिधि १ जना -सदस्य

घ) शिक्षा प्रेमी वा समाजसेवी वा वडा समितिका सदस्यबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरु मध्येवाट छानी पठाएको १ जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) संस्थागत विद्यालय व्यवस्थापन समितिको पदावधि ३ बर्षको हुनेछ।

(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने, स्वीकृत पाठ्यपुस्तक बाहेक थप पाठ्यसामग्री लागू गर्नुपर्ने अवस्थामा नगरपालिकाको सहमति लिने,

(च) प्रचलित कानुनबमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिमार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले आयोजना गरेका कार्यक्रममा विद्यालयलाई सरिक गराउने,

(झ) संघीय, प्रादेशिक तथा नगर शिक्षा ऐन नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने गराउने;

(ञ) प्रत्येक शैक्षिक सत्रका लागि शैक्षिक सत्र शुरू हुनुभन्दा कम्तीमा एक महिना अगावै शुल्क प्रस्ताव गरी नगरपालिकामा पेस गर्ने र नगरपालिकाबाट स्वीकृत भएअनुसारको शुल्क निर्धारण गर्ने।

(ट) लेखा परीक्षण गराई अनिवार्य रुपमा बार्षिक प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ठ) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने,

(ड) तोकिएबमोजिमका अन्य कार्य गर्ने गराउने।

(ढ) नगरपालिका अन्तर्गतका सम्पूर्ण शैक्षिक कार्यक्रममा सहभागि हुने।

**४९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयले अनिवार्य तथा निशुल्क शिक्षा ऐनले निर्धारण गरेबमोजिम देहायअनुसारको संख्यामानघट्ने गरी तोकिएबमोजिम जेहेन्दार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(क) ५०० जनासम्म विद्यार्थी भएका विद्यालयले कूल संख्याको १० प्रतिशत

(ख) ८०० जनासम्म विद्यार्थी भएका विद्यालयले कूल संख्याको १२ प्रतिशत

(ग) ८०० जनाभन्दा बढी विद्यार्थी भएका विद्यालयले कूल संख्याको १५ प्रतिशत

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक, नगर शिक्षाशाखा प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिकोअध्यक्ष रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) समितिले संघ तथा नगरपालिकाले तोकेको मापदण्डभित्र रही विद्यार्थी छनौटका लागि थप आधार, सर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्ने छ।

(४) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको विवरण नगरशिक्षा शाखामा पेस गर्नुपर्ने छ।

(५) तोकिएको मापदण्ड बमोजिम छात्रवृत्ति वितरण नगरेमा तोकिए बमोजिमको कारवाही हुनेछ।

**५०. अनुगमन तथा मूल्याङ्कनः** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरशिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

**५१. अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले यस ऐन र अन्तर्गत बनेको नियम, निर्देशिका एवम् कार्यविधि विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको

कक्षा/तह घटाउने तथा अनुमति वा स्वीकृति रद्दगर्न सक्ने छ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**परिच्छेद-९**

**विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन**

**५२. विद्यालय विकास कोष**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण तोकिएबमोजिम हुनेछ

**५३. अनुदानको व्यवस्था**

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

**५४. लेखा व्यवस्थापन**

(१) सबै विद्यालयहरुले प्रचलित कानूनअनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयको लागि प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारी तथा आधारभूत विद्यालयका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षवाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ।

**५५. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र नगरशिक्षा अधिकारीबाट नियुक्त रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगरशिक्षा समितिमा पेस गर्नुपर्ने छ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ।

(४) विद्यालयले अभिभावक भेलामा विद्यालयको वार्षिक बजेट नीति तथा कार्यक्रम र विद्यालयको वार्षिक लेखापरीक्षण सार्वजनिक अनिवार्य रुपमा गर्नुपर्नेछ अन्यथा विद्यालयमा दिइने निकाशा रोक्का राखिने छ।

(५) विद्यालय सामाजिक परीक्षण समितिमा देहायका सदस्यहरू रहनेछन् :

(क) शिक्षक अभिभावक संघको अध्यक्ष - संयोजक

(ख) अभिभावकमध्येबाट शिक्षक अभिभावक संघबाट मनोनित कम्तीमा एक महिलासहित दुई जना -सदस्य

(ग) वडा अध्यक्ष वा वडा समितिले तोकेको सदस्य -सदस्य

(घ) बुद्दिजिवी मध्येबाट शिक्षक अभिभावक संघले मनोनित गरेको एक जना -सदस्य

(ङ) उच्चतम कक्षाको प्रथम छात्रा वा छात्र एक जना -सदस्य

(च) प्रधानाध्यापकले तोकेको शिक्षक - सदस्य सचिव

(६) विद्यालयको सामाजिक परीक्षण समिति तोकेबमोजिम हुनेछ उक्त समितिले तोकेको ढाँचामा सामाजिक परीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेछ । सामाजिक परीक्षण समितिले पेश गरेको प्रतिवेदन अभिभावक भेलाबाट अनुमोदन गरी भाद्रमसान्तसम्म अनिवार्य रुपमा शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

**५६. ढोरपाटननगर शैक्षिक छात्रवृत्ति कोषः**

१) नगरपालिकाले विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुमध्ये गरीवतथा जेहेन्दार विद्यार्थीहरुलाई शिक्षामा पहुँच अभिवृद्धि गर्न र शैक्षिक उपलब्धी अभिवृद्धीको लागी प्रोत्साहन गर्न नगर छात्रवृत्ति कोषको व्यवस्था गर्नसक्ने छ ।

कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

क) ढोरपाटन नगरपालिकाबाट प्राप्त रकम,

ख) बिदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । कोषबाट गरिएको खर्च रकम नगर शिक्षा समितिबाट पारित गर्नुपर्नेछ ।

**५७. शुल्क तथा सहयोगबाट प्राप्त रकमः** (१) नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ

(४) उपदफा (१) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही तहको अर्को कक्षामा सोही नाममा कुनै किसिमको शुल्क लिन पाइने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगर शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगर शिक्षा अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगर शिक्षा समितिले जरिवाना गर्नसक्ने छ।

**५८. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगरपालिकाले तोकेको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्ने छ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ

## परिच्छेदः १०

## प्राविधिक तथा व्यवसायिक शिक्षा

**५९.** (१) नगरपालिका  क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ । नगरपालिकाले प्राविधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिंदा तोकिएको मापदण्ड वमोजिम नदोहोरिने गरी विषय सिफारिस गर्नेछ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद ११

## विविध

**६०. विद्यालयको विनियमः**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको संयुक्त वैठकबाट पारित गराई लागू गर्नुपर्ने छ।

(२) यसरी बनाएको विनियम व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको संयुक्त वैठकले आवश्यकताअनुसार संसोधन गर्नसक्ने छ।

(३) विनियमअनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) विधानपारित भएको मितिबाट सात दिन भित्र विद्यालयले नगरपालिकामा पेस गर्नुपर्ने छ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ।

**६१. नगरपालिकाले निर्देशन दिन सक्ने**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**६२ . विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ।

**६३. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।तर विद्यार्थी आचारसंहिता बारम्बार उल्लङ्घन गरेको पाइएमा पहिलोपटक सचेत गराउने, दोस्रो र तेस्रो पटक दोहोरिएमा वि.व्य.स. को निर्णय गरी प्रधानाध्यापकले निष्काशन गर्न सक्नेछ।

**६४. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा तथा शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन**

१) ट्रयुसन,कोचिङ् ,भाषा शिक्षण,पूर्व तयारी कक्षा,ब्रिजकोर्ष, शैक्षिक परामर्श सेवा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्न नगरपालिकाबाट अनुमति लिनु पर्ने छ।

२) उपदफा (१) बमोजिम ट्रयुसन,कोचिङ् ,भाषा शिक्षण, पूर्व तयारी कक्षा, ब्रिजकोर्ष, शैक्षिक परामर्श सेवा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुने छ।

३) शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी थप व्यवस्था तोकिएबमोजिम हुने छ।

६५. नगरपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तरमापन गर्नसक्ने छ ।

**६६. प्रगति विवरण बुझाउनु पर्ने**

विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरणसहितको प्रगति विवरणनगरपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

**६७. शिक्षा विकास कोष**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न एवम् शैक्षिक गुणस्तर अभिवृद्दिका कार्यक्रम सञ्चालन गर्नका लागि नगरशिक्षा विकास कोष स्थापना गर्न सक्नेछ ।

(२) कोषमा देहायबमोजिमको रकम रहन सक्नेछ :

(क)संघ सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । कोषबाट गरिएको खर्च रकम नगर शिक्षा समितिबाट पारित गर्नुपर्नेछ ।

**६८. दण्ड सजाय**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्नसक्ने छ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई ६ महिनासम्म कैद वा १ लाख सम्म जरिबाना वा दुवै सजाय हुने छ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा, ब्रिज कोर्स, ट्युसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) विद्यार्थीलाई ७५ प्रतिशत हाजिरी विना आन्तरिक मूल्याङ्कन गरी परीक्षामा सहभागी गराएमा,

(झ) प्रचलितकानून विपरीतको अन्य कार्य गरेमा।

(३) कानूनबमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारीउपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ।

**६९. विद्यालय स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनः** परीक्षा सञ्चालन तथा व्यवस्थापनर सोको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**७०. पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुनबमोजिम पुनरावेदन लाग्नेछ।

**७१. नियम बनाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमावली, निर्देशिका एवम् कार्यविधि बनाउन सक्नेछ।

**७२. संक्रमणकालीन व्यवस्था**

यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरकार्यपालिकाले गर्नसक्ने छ।

**७३. बाधा अडकाउ फुकाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरकार्पायलिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत: निस्क्रिय हुनेछ।

**७४. विनियम कार्यविधि र निर्देशिका बनाइ लागू गर्न सकिनेः (१)** शैक्षिक सुधारका निम्ति देहायबमोजिमका बिषयमा नगर पालिकाले आवश्यकविनियम, कार्यविधि एवम् निर्देशिका बनाई लागू गर्न सकिनेछ :

(१) उत्कृष्टप्रधानाध्यापक, शिक्षक तथा कर्मचारी प्रोत्साहन

(२) घुम्तीतथा आवासीय विद्यालय संचालन

(३) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा

(४) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन

(५) नमुनातथा उत्कृष्ट विद्यालय छनोट र विकास

(६)आधारभूत तह उत्तिर्ण परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण

(७) विद्यालयसमायोजन र शिक्षकतथा कर्मचारी दरबन्दीमिलान एवम् व्यवस्थापन

(८) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन

(९) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन

(१०) सिकाइ उपलब्धि परीक्षा सञ्चालन

(११) संस्थागत विद्यालयको छात्रवृत्ति व्यवस्थापन

(१२) गुणस्तरीय शिक्षाका लागि अनुदान

(१३) अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन

(१४) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम

(१५) नगरशिक्षा नियमावली

(१६) शिक्षक तालिम व्यवस्थापन कार्यविधि

(१७) नगर स्तरीय वार्षिक परीक्षा सञ्चालन कार्यविधि

(१८) तोकिए बमोजिम बाहेक शिक्षा सँग सम्बन्धित आवश्यक कार्यविधि, निर्देशिका र मापदण्डहरू।

**७५. ऐनको संशोधन :**

यो शिक्षा ऐन २०८१ को संशोधन ढोरपाटन नगरपालिका नगरसभाबाट गर्न सकिनेछ।

**७६. बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा ब्यवस्थाभएका कुरामा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) हालसम्म नगरपालिकाबाट शिक्षा सम्बन्धी भए गरेका काम कारवाही र व्यवस्था यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(४) यसअघि कानुनबमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिंदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन।

(५) यस ऐनमा उल्लेख भएका कुराहरु संघीय र प्रादेशिक शिक्षा ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुने छन्।

**अनुसूची १**

**(दफा ४३ सँग सम्बन्धित)**

**कार्यसम्पादन मूल्याङ्कन**

क) सुपरीबेक्षक - नगर शिक्षा अधिकारी

ख) पुनरावलोकन समितिः

अ) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

आ) नगर शिक्षा अधिकारी - सदस्य

इ) नगर प्रमुखले तोकेको शिक्षा समितिको सदस्य - सदस्य

(४) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको कार्यसम्पादन मूल्याङ्कन अनिवार्य रूपमा भर्नुपर्ने छ।

दर्ता नंः दर्ता मितिः

नामः पदः नियुक्ति किसिमः

विद्यालयको नामः तह/श्रेणीः शैक्षिक सत्रः

अध्यापन गरेको विषयः मूल्याङ्कन अवधिः देखि सम्म

| आधार | मूल्याङ्कन विवरण | सम्पूर्ण अङ्क | सुपरीवेक्षक ५०अङ्क | पुनरावलोकन समिति ५०अङ्क |
|---|---|---|---|---|
| १. विषयवस्तुको ज्ञान | | १२ | | |
| २. शिक्षण पेशाप्रतिको निष्ठा, लगनशीलता र आचारसंहिताको पालन | | १२ | | |
| ३. विद्यालयको शैक्षिक गुणस्तरप्रति देखाउने तदारुक्ता, उत्तरदायित्व बहन र जिम्मेवारी बोध | | १२ | | |
| ४. विद्यालय समय, कक्षाकोठा समयको पालना, सदुपयोग तथा | | १२ | | |

| | | | | |
|---|---|---|---|---|
| कक्षाकोठा व्यवस्थापन र सञ्चालन | | | | |
| ५. अतिरिक्त क्रियाकलाप प्रति सक्रियता एवं संलग्नता | | ८ | | |
| ६. शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोग | | ८ | | |
| ७.सरकार र अभिभावकप्रति उत्तरदायी र पारदर्शिता जवाफदेहिता | | ८ | | |
| ८. विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार | | १२ | | |
| ९. शिक्षकको व्यावसायिकता योग्यता र दक्षता | | ८ | | |
| १०. विद्यार्थीको मानसिक र शारीरिक स्वास्थ्यमा ध्यान | | ८ | | |
| जम्मा | | १०० | | |

सुपरीवेक्षकको नाम

१. नामः

पदः

दस्तखतः

मितिः

पुनरावलोकन समिति

| | | |
|---|---|---|
| १. नामः | २. नामः | ३. नामः |
| पदः | पदः | पदः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः |

आज्ञाले

चिरन्जिवि घिमिरे

प्रमुख प्रशासकीय अधिकृत